# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, माघ १ गते २०५५ साल (अतिरिक्ताङ्क ६५)

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५५ सालको ऐन नं. १५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "शिक्षा (छैठौं संशोधन) ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा ऐन, २०२८ को दफा २ मा संशोधन : शिक्षा ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (च) पछि देहायका खण्ड (च१), (च२), (च३) र (च४) थपिएका छन् :-

"(च१) "आयोग" भन्नाले दफा ११ख. बमोजिम गठन भएको राष्ट्रिय शिक्षक सेवा आयोग सम्झनु पर्छ ।

(च२) "सचिवालय" भन्नाले आयोगको सचिवालय सम्झनु पर्छ ।

(च३) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(च४) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको अध्यक्ष समेतलाई जनाउँछ ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उपदफा (३) मा रहेका "जिल्ला विकास समितिले" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले" भन्ने शब्दहरु राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९२९४

४. मूल ऐनको दफा ११ख. मा संशोधन : मूल ऐनको दफा ११ख. को सट्टा देहायको दफा ११ख. राखिएकोछ :-

"११ख. आयोगको गठन : (१) सार्वजनिक विद्यालयका शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एक राष्ट्रिय शिक्षक सेवा आयोग गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको आयोगमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :-

(क) ख्यातिप्राप्त वरिष्ठ शिक्षाविद्हरु मध्येबाट श्री ५ को सरकारबाट नियुक्त - अध्यक्ष

(ख) ख्यातिप्राप्त शिक्षाविद्हरु मध्येबाट श्री ५ को सरकारबाट नियुक्त दुईजना - सदस्य

(ग) विश्वविद्यालय सेवा आयोगका सदस्यहरु मध्येबाट श्री ५ को सरकारबाट मनोनीत एकजना - सदस्य

(घ) सचिवालयको प्रशासकीय प्रमुख - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरुको नियुक्ति तथा मनोनयनको लागि सिफारिस पेश गर्न श्री ५ को सरकारले

आधिकारिकता मुद्रण विभागबाट(३)प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिक्षा मन्त्रीको अध्यक्षतामा विश्वविद्यालयका उपकुलपतिहरु मध्येबाट एकजना सदस्य र लोक सेवा आयोगको सदस्य एकजना सदस्य रहेको एक समिति गठन गर्नेछ र सो समितिको सिफारिसमा सदस्यहरुको नियुक्ति तथा मनोनयन हुनेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त तथा मनोनीत सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ र निजहरु पुनः नियुक्त हुन सक्ने छन् ।

(५) आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोमिज हुनेछ ।

(६) सदस्यहरुको सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुने छन् ।

(७) सदस्यहरुको पारिश्रमिक तथा सुविधा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।"

५. <u>मूल ऐनमा दफा ११ग., ११घ., ११ङ, ११च., ११छ., ११ज., ११झ. र ११ञ. थप</u> : मूल ऐनको दफा ११ख. पछि देहायका दफा ११ग., ११घ., ११ङ, ११च., ११छ., ११ज., ११झ. र ११ञ. थपिएका छन् :-

"११ग. <u>सदस्यको लागि चाहिने योग्यता</u> : सदस्यको पदमा नियुक्ति हुनको लागि देहायका योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) श्री ५ को सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) नियुक्त हुनुभन्दा कम्तीमा दुई वर्ष अगाडिदेखि कुनै राजनैतिक दलको सदस्य नरहेको,

(घ) चालीस वर्ष उमेर पूरा भएको,

(ङ) संवैधानिक निकाय वा श्री ५ को सरकार वा कुनै संगठित संस्थामा कम्तीमा दश वर्ष सेवा गरेको ।

११घ. सदस्यता कायम नरहने : (१) देहायका अवस्थामा सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) दफा ११ख. को उपदफा (४) बमोजिमको पदावधि पूरा भएमा,

(ख) पैंसठ्ठी वर्ष उमेर पूरा भएमा,

(ग) श्री ५ को सरकार समक्ष निजले पेश गरेको लिखित राजीनामा स्वीकृत भएमा,

(घ) निजको मृत्यु भएमा ।

(२) दफा ११ख. को उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यमा कार्य क्षमताको अभाव भएको वा कर्तव्य अनुसार कार्य नगरेको र खराब आचरणमा लागेको भनी कसैको उजुरी परेमा श्री ५ को सरकारले सो सम्बन्धमा छानबिन गर्न एक समिति गठन गर्न सक्नेछ र समितिबाट सो कुरा प्रमाणित भएमा श्री ५ को सरकारले त्यस्तो सदस्यलाई सदस्यको पदबाट हटाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। १२१६

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

११ङ. सचिवालय र कर्मचारी सम्वन्धी व्यवस्था : (१) आयोगको एक छुट्टै सचिवालय हुनेछ र सो सचिवालय काठमाडौं उपत्यकाभित्र रहनेछ ।

(२) सचिवालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि श्री ५ को सरकारले श्री ५ को सरकारको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत कर्मचारीलाई तोक्नेछ ।

(३) सचिवालयलाई आवश्यक पर्ने अन्य कर्मचारीको व्यवस्था शिक्षा मन्त्रालयले गर्नेछ ।

११च. सिफारिस गर्दा अपनाउनु पर्ने प्रक्रिया : (१) आयोगले शिक्षकको स्थायी नियुक्तिको लागि सिफारिस गर्दा देहाय वमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ :-

(क) जिल्लाका विद्यालयहरुमा स्वीकृत दरबन्दी अनुसार रिक्त रहेको शिक्षक पद स्थायी रुपमा पूर्ति गर्नु पर्दा विद्यालयको तह अनुसार पूर्ति गरिनु पर्ने शिक्षक संख्याको विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट लिने,

(ख) जिल्लाका विद्यालयहरुमा पदपूर्ति गर्न खुल्ला प्रतियोगिताको लागि पद संख्या खोली विज्ञापन प्रकाशित गर्ने र पद अनुसार तोकिएको योग्यता भएका उम्मेदवारहरुबाट दरखास्त लिने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खण्ड (ख) बमोजिम पर्न आएको दरखास्त उपर छानबिन गरी देहायको तरिका अपनाई उपयुक्त उम्मेदवार छनौट गर्ने :-

(१) खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा,

(२) अन्तर्वार्ता,

(३) प्रयोगात्मक परीक्षा ।

तर आयोगले उचित र आवश्यक ठहऱ्याएको अवस्थामा मात्र प्रयोगात्मक परीक्षा लिइनेछ ।

(घ) आयोगले विज्ञापन गरेको छ महिनाभित्र नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्नु पर्नेछ ।

(२) आयोगले शिक्षकको बढुवाको लागि सिफारिस गर्दा तोकिए बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ ।

११छ. <u>समिति गठन गर्न सक्ने</u> : (१) आयोगले आफूले गर्नु पर्ने काम कारबाहीहरु सुचारु रुपले गर्नका लागि आवश्यकतानुसार केन्द्रीय र क्षेत्रीय स्तरमा समितिहरु गठन गर्न सक्नेछ । त्यस्ता समितिका सदस्यहरुमा कम्तीमा एक वर्ष अगाडिदेखि कुनै पनि राजनैतिक दलको सदस्य नरहेका शिक्षाविद् तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिक्षा क्षेत्रमा क्रियाशील रहेका व्यक्तिहरुमध्येबाट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार तथा कार्यविधि आयोगले तोकिदिए बमोजिम हुनेछ ।

११ज. <u>अधिकार प्रत्यायोजन</u> : आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, दफा ११छ. बमोजिमको समिति वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

११झ. <u>आयोगले गरेको मानिने</u> : यो ऐन प्रारम्भ हुनुभन्दा अघि जिल्ला शिक्षक छनौट समिति र क्षेत्रीय शिक्षक छनौट समितिबाट भए गरेका काम कारबाहीहरु आयोगबाट भए गरेको मानिनेछ ।

११ञ. <u>वार्षिक प्रतिवेदन पेश गर्ने</u> : आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो वर्षभरमा आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।"

७. <u>मूल ऐनको दफा १४ मा संशोधन</u> : मूल ऐनको दफा १४ को ठाउँ ठाउँमा रहेका "शिक्षक छनौट समिति" भन्ने शब्दहरु झिकिएका छन् ।

८. <u>मूल ऐनको दफा १७ मा संशोधन</u> : मूल ऐनको दफा १७ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछ :-

"(ग) कसूरको मात्रा हेरी एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्ने,"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. <u>मूल ऐनको दफा १९ मा संशोधन</u> : मूल ऐनको दफा १९ को उपदफा (२) को खण्ड (घ) पछि देहायका खण्ड (घ१), (घ२) र (घ३) थपिएका छन् :-

"(घ१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको समकक्षता निर्धारण सम्बन्धी,

(घ२) राष्ट्रिय शिक्षक सेवा आयोग सम्बन्धी,

(घ३) विद्यालय शिक्षक किताबखाना सम्बन्धी"

लालमोहर सदर मितिः- २०५५।१०।१६

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको निमित्त सचिव

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1221